नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १३४ २०८० साल पुस ११ गते बुधबार (27 Dec. 2023 Wednesday) मूल्य रु. ५/-

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : प्राधिकरणले बेच्यो १५ अर्ब २४. ३ पृष्ठमा : मुस्ताङबाट ४९ करोडको स्याउ. ३ पृष्ठमा : अमेरिकी निर्यात नियन्त्रण...

# मधेशी दललाई सत्ता छोडेर आन्दोलनमा आउन लोसपाका वरिष्ठ नेता महतोको आह्वान




**दैनिक समाचारदाता**
**राजविराज, १० पुस ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का बरिष्ठ नेता राजेन्द्र महतोले मधेश केन्द्रित दलहरुलाई सत्ता छोडेर आन्दोलनमा होमिन आह्वान गरेका छन् ।

मंगलबार राजविराजमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो आह्वान गरेका हुन् । उनले पहिचान र अधिकारका लागि भएको मधेश आन्दोलनलाई राज्यले आपराधिक घटनाको संज्ञा दिएको भन्दै सत्तामा रहेका मधेशवादी दलहरुले सरकार छोडेर आन्दोलनमा आउनु पर्नेको विकल्प नरहेको बताए ।

मधेश आन्दोलनको अगुवाई गर्दै आएका महोत्तरीबाट निर्वाचित प्रदेश सभा सदस्य अभिराम शर्मालगायतलाई महोत्तरी जिल्ला अदालतले आजिवन कारावासको फैसला सुनाएको भन्दै उनले पहिचान र अधिकारकालागि लडेका योद्धामाथि यस्तो सजाय सुनाउनाले राज्यपक्षले नै मधेश आन्दोलनलाई अपराधको करार दिएको साबित हुन पुगेको जिकिर गरे ।

काँग्रेस, माओवादी, एमाले लगायतका दलहरुले विगमा गरेको आन्दोलनमा पनि नागरिक तथा प्रहरीको ज्यान गएको भन्दै पूर्व उपप्रधानमन्त्री समेत रहेका नेता महतोले मधेश आन्दोलनमा लागेका माथि आजिवन कारावासको सजाय सुनाउँदा पनि मधेशबादी दलहरु सत्तामा टाँसिएर बस्नुको औचित्य नरहने टिप्पणी गरे ।

उनले भने, “ती दलहरुले गरेको आन्दोलन चाहिँ राजनीतिक हुने अनि अधिकार र पहिचानका लागि भएको मधेश तथा थरुहट आन्दोलन चाहिँ आपराधिक ? महतोले प्रश्न गर्दै भने, यो एकल जातिय राज्यको नश्लवादी चिन्तन भएकोले हामीहरुलाई त्यो कदापि स्वीकार्य हुन सक्दैन ।”

मधेशका लागि स्थापित लोसपा, जसपा, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले सत्ता त्यागेर आन्दोलनमा उत्रनु बाहेकको विकल्प नरहेको बताउँदै नेता महतोले भने, सत्तामा टाँसिएर बसिरहने समय होईन, अब सरकार छाडेर बाँकी अधिकार प्राप्तिका लागि समेत आन्दोलनमा उत्रनु अपरिहार्य भईसकेको छ ।

आफ्नो पार्टी समेत आन्दोलनमा लागेका नेता कार्यकर्तामाथि आजिवन कारावासको सजाय सुनाउँदा पनि सत्तामा बसिरहेको प्रति असन्तुष्टी जनाउँदै उनले यस्तै रबैया कायम रहे आफ्नै नेतृत्वमा मेचीदेखि महाकालीसम्मको दौडाहा गरी जनतालाई आन्दोलनमा उतार्ने चेतावनी दिए । यद्यपी छुट्टै पार्टी गठन गर्ने समय चाहिँ आईनसकेको उनको कथन थियो ।

मधेश आन्दोलन आफूलगायत उपेन्द्र यादव, महन्थ ठाकुर, महेन्द्र राय यादव, अनिल झा, शरतसिंह भण्डारी, राजकिशोर यादव लगायतको नेतृत्वको सात मधेशवादी राजनीतिक दलको सहभागितामा भए पनि यति बेला उनीहरु सत्तामा नै बसिरहेको प्रति महतोले असन्तुष्टी जनाए ।

पत्रकार सम्मेलनमा लोसपाका जिल्ला अध्यक्ष सुनिल झा, केन्द्रीय सदस्य दिपेन्द्र चौधरी, गजेन्द्र कुमार मण्डल, राजविराजका पूर्व मेयर शम्भुप्रसाद यादव लगायतको पनि उपस्थिती रहेको थियो ।

# सप्तकोशीमा श्रीलङ्का टापु जोड्ने झोलुङ्गे पुल बन्ने

सुनसरी, १० पुस (रासस) ।

सुनसरीको बराहक्षेत्र नगरपालिका-६ को ठाकुरबारीबाट श्रीलङ्का टापुलाई जोड्ने झोलुङ्गे पुल बन्ने भएको छ । नेपालकै ठूलो सप्तकोशी नदीमाथि बन्ने उक्त झोलुङ्गे पुल पाँच किलोमिटर लम्बाइको हुनेछ ।

सङ्घीय सरकारको ठूला झोलङ्गे पुल निर्माण विभागअन्तर्गत सप्तकोशीमा पहिलो पटक यति लामो झोलुङ्गे पुल निर्माण हुन लागेको बराहक्षेत्र नगरका आर्थिक विकास संयोजक तेजबहादुर गुरुङले बताउनुभयो । पुल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)को काम अन्तिम चरणमा पुगेको उहाँले जानकारी दिनुभयो ।

गुरुङका अनुसार सुनसरी क्षेत्र नं ४ का सङ्घीय सांसद तथा पूर्व सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले पुल योजनामा पार्नुभएको हो । झोलुङ्गे पुल सर्भेका लागि ऋषिकेश सर्बिस प्राइभेट लिमिटेड काठमाडौँले डिपिआरको ठेक्का पारेर काम अन्तिम चरणमा पुगेको योजनाका सबइन्जिनियर रञ्जितकुमार यादवले जानकारी दिनुभयो । सबइन्जिनियर यादवको नेतृत्वमा सर्भेको काम अन्तिम चरणमा पुगेको हो ।

सबइन्जिनियर यादवले डिपिआरको डिजाइन तयार भइरहेको भन्दै डिजाइन सकिएलगत्तै कन्स्ट्रक्सनको ठेक्का लाग्ने बताउनुभयो । नमुना झोलुङ्गे पुल नामकरण गरी गत आर्थिक वर्षमा पुलको स्थलगत

*बाँकी अन्तिम पृष्ठमा*

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# विद्यालयमा ज्येष्ठ नागरिक सम्बन्धी पाठ पढाउन निर्देशन

**दैनिक समाचारदाता**
**राजविराज, १० पुस ।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले देशभरका सामुदायिक विद्यालयमा ज्येष्ठ नागरिक सम्बन्धी पाठ पढाउन निर्देशन दिएको छ ।

मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई पुस ११ गते सम्पूर्ण विद्यालयमा सामाजिक अध्ययन विषयको एक पिरियड ज्येष्ठ नागरिक सम्बन्धी पढाउने व्यवस्था मिलाउन आदेश जारी गरेको हो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गरिदिन अनुरोध गर्दै शिक्षा मन्त्रालयलाई पत्र पठाएको थियो ।

*बाँकी अन्तिम पृष्ठमा*

## अपाङ्गताको आधारमा भेदभाव नगरौं

अपाङ्गताको आधारमा कसैलाई पनि

- ➤अपमान गर्ने,
- ➤होच्याउने,
- ➤दुर्व्यवहार गर्ने र
- ➤सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं ।

- ➤अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं ।
- ➤अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कृषि क्षेत्रलाई बैज्ञानिकरण गर्नेतर्फ अग्रसर होऔं

लामो समयदेखी नेपालको कृषि क्षेत्र विभिन्न कारणले प्रभावित बन्दै गएको छ । अहिले जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा निकै असर परिरहेको छ । चिसोका समयमा गर्मी, गर्मीको समयमा चिसो, अनुचित समयमा बर्षा र बर्षाको मौसममा बर्षा नै नहुने हुँदै कृषि क्षेत्रलाई तहसनहसको अवस्थामा पुऱ्याएको छ । मौसमको बैमौसमी आवतजावतले हरेक क्षेत्र प्रभावित भइरहेको छ । जाडो मौसममा फल्ने फलफूल गर्मीमा फल्ने र गर्मीको जाड्योमा जस्ता कामहरु पनि भइरहेको छ ।

नेपाल जैविक विविधताले भरिएको देश हो भनेर भनिन्छ । यो मुलुक कृषिप्रधान देश हो भनिएपनि यसतर्फ सरकार तथा अन्य सरोकारबालाले खासै ध्यान दिएको देखिन्न । यसको असरलाई सकेसम्म कम गर्ने बाहेक हामीसँग अरु कुनै विकल्प छैन । यता कृषिविधिले पनि यसतर्फ ध्यान पुऱ्याइरहेको देखिन्न् ।

जलवायु परिवर्तनका बारेमा जनतालाई सुसूचित गर्दै त्यसैसँग तालमेल हुने खालको बैज्ञानिकरण खेतीप्रणालीका लागि अध्ययन अनुसन्धान जरुरी छ । यस्तै जलवायु परिवर्तनसँगै तालमेल हुने खालका कृषितर्फ योजना बनाउनु नै अहिलेको आवश्यकता हो । तसर्थ तीनै तहको सरकारले आउँदो दिनमा कृषि क्षेत्रलाई बैज्ञानिकीकरण गरेर अगाडी बढ्नुका साथै यसका लागि जनचेतना सँगै दिर्घकालिन योजना बनाएर जलवायु परिवर्तन बारे गम्भिर हुनु पनि उत्तिकै जरुरी रहेको छ ।

# देशभित्र सम्भावनाको ढोका खोल्न सुशासन जरुरी

**सोमनाथ लामिछाने**
काठमाडौं, १० पुस (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेतृत्व गर्नुभएको वर्तमान गठबन्धन सरकारले मंगलबार एक वर्ष पूरा गरेको छ । एक वर्षअघि विसं २०७९ पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुँदा उहाँलाई नेकपा एमाले समेतका दलहरूको मुख्य समर्थन थियो । तर उहाँले सदनमा नेपाली कांग्रेस समेतका दलहरूको पनि अभूतपूर्व समर्थन प्राप्त गर्नुभएको थियो । आमनिर्वाचन पछि बनेको प्रधानमन्त्री दाहाल नेतृत्वको सरकार दुई महिना नबित्दै अर्को गठबन्धनमा सामेल भएको थियो अर्थात् सरकारमा नेपाली काङ्ग्रेस प्रवेश गरेको थियो भने सरकारको मुख्य समर्थक घटक नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी सरकारबाट बाहिरिएका थिए ।

सरकार गठनका प्रारम्भिक केही महिना मुलुकमा राजनीतिक अस्थिरता व्याप्त थियो । कतिबेला के हुन्छ भन्ने अन्यौलबीच पनि सरकार निरन्तर अघि बढ्यो, सरकार ढल्छ कि भन्ने भ्रम बिस्तारै हट्दै गए । मन्त्रीमण्डलले पनि पूर्णतासहित स्थिरता प्राप्त गर्न थालेको थियो । प्रधानमन्त्री दाहालले तेस्रो कार्यकाललाई विशेष बनाउन चाहेको भन्दै आफू निरन्तर जनताको सेवामा अग्रसर हुने र सुशासन कायम गर्ने प्रतिबद्धता व्यक्त गरिरहनुभएको थियो, र विगतका भन्दा फरक र ठोस काम गरेर देखाउने हुटहुटी उहाँमा देखिन्थ्यो । खासगरी सरकारले प्रदान गर्ने सेवामा आमरूपमा सुधारको अपेक्षा जनतामा थियो र यसलाई जस्तोसुकै चुनौती आए पनि सम्बोधन गरेरै छाड्ने उहाँमा दृढता थियो ।

हुन पनि सरकारको मूल्याङ्कन गर्नुपर्दा सुशासनलाई पहिलो सर्त वा सूचकका रूपमा लिइन्छ । कानुनी, प्रशासनिक, आर्थिक समेतका अनेक विषयवस्तु जोडिएको सुशासन शब्द जति प्रिय छ, सुनिन्छ, त्यति नै यसको सम्बोधनमा जटिलता हुन्छन् । विश्वव्यापी रुपमै सुशासनभित्र खुलापन एवं पारदर्शिता, जवाफदेहिता, सहभागिता, समतामूलक, समावेशिता, विधिको शासन, आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त समाज, अल्पसङ्ख्यकको सुनुवाइ, जनउत्तरदायी सरकार समेतका ठूल्ठूला र व्यापक अर्थ राख्ने विषयहरू एकअर्कासँग गाँसिएका हुन्छन् । नेपालको अहिलेको संविधानले यी विषयलाई राम्रैसँग पक्षपोषण गरेको छ र सरकार एवं राज्यका समग्र पक्ष ( सार्वजनिक र निजी क्षेत्र, व्यक्ति) लाई पूर्णतः एकाकार गर्ने प्रयत्न गरेको छ । नेपालको संविधानले मुख्य रूपमा राखेका आकाङ्क्षाहरूमा दिगो शान्ति, विकास, समृद्धि र सुशासन हो । भन्नु पर्दैन कि दिगो शान्ति, विकास र समृद्धि हासिल गर्न सुशासन बिना सम्भव छैन ।

सामाजिक सञ्जालमा अहिले नेपाली शासन व्यवस्था खराब रहेको भन्दै त्यसलाई खराब शासन प्रणालीसँग तुलना गर्ने प्रयत्न भएको देखिन्छ । तर यसरी मूल्याङ्कन गर्नु सर्वथा गलत हो र यो भाष्य जबर्जस्त रूपमा निर्माण गर्न खोजिएको छ । यसको परिणामस्वरुप, आमजनतामा वितृष्णा, नैराश्य, आक्रोश र पलायन प्रवृत्ति बढेको छ, र यसलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेशिने नेपालीको बाक्लो सङ्ख्यासँग तुलना गर्ने प्रयत्न भएको देखिन्छ ।

आधुनिक शासन प्रणालीभित्र शासन प्रणाली भनेकै निर्णय निर्माण प्रक्रिया हो र यस्ता निर्णयको कार्यान्वयन प्रक्रिया हो जसको केन्द्रमा सरकार हुन्छ । साथै यस प्रक्रियामा सरकारबाहेक राज्यभित्रका अनेक पक्षहरूको समान दायित्व, जिम्मेवारी र भूमिका हुन्छ । यस प्रक्रियामा जुनसुकै तहको किन नहोस् सरकारहरू बढी हाबी भएमा त्यसबाट अपेक्षित नतिजा प्राप्त नहुन सक्छ, र त्यो टिकाउ हुँदैन । यसैले केन्द्र (सङ्घीय), प्रदेश र स्थानीय समेतका तीनै तहका सरकारको सामूहिक जिम्मेवारी हुन्छ । अर्कोतर्फ सरकारले कुनै पनि संवैधानिक वा सरकारका निकायहरूमाथि हस्तक्षेप गरेको भन्ने सुनिएको छैन, बरु सरकारले सरकारका सबै अङ्गलाई स्वतन्त्र ढङ्गबाट काम गर्न उत्प्रेरित गरिरहेको बताएको छ ।

एक वर्षको अवधिमा माथि भनिएझैँ सरकारले काम गर्न सकेको छ छैन भन्ने मूल्याङ्कन वा स्मरण गर्ने दिन पनि हो आज । हामी नेपालीले अपेक्षा राखेका सबै कुरा वर्तमान सरकारले पूरा गर्नुपर्छ भन्न सकिएला, तर त्यस अनुरुपको कानुनी, प्रशासनिक, आर्थिक समेतका संरचना छ/छैन भन्ने मुख्य पाटोलाई पनि बिर्सन हुँदैन । तथापि, केही सुधारका काम भएका छन् जसलाई स्वीकार्दै अरू काम गर्न उत्प्रेरणा दिनाका साथै निरन्तर खबरदारी गर्नु जायज हुन्छ ।

उदाहरणहरू हेरौँ, नक्कली भूटानी शरणार्थी प्रकरणमा सरकारले विद्यमान कानुनी व्यवस्थालाई पछ्याएर कारबाही गरेको छ । यो प्रकरणलाई निश्चित निष्कर्षमा पुऱ्याएर कारबाही गर्न सरकारले आफ्नो साहस देखाएकै हो । यस्तै ललिता निवास जग्गा प्रकरणमा प्रहरीको स्वतन्त्र छानबिनका आधारमा मुद्दा अदालतमा पुगेको थियो र यसमा केही व्यक्ति छाडिए पनि अदालती प्रक्रिया जारी छ । पछिल्लो समय उत्पन्न एनसेलको शेयर बिक्रीसम्बन्धी प्रकरणलाई प्रधानमन्त्री स्वयंले छानबिन गर्न सरकारका निकायहरूलाई निर्देशन दिनाका साथै एक समिति बनाएर अनुसन्धान प्रक्रिया अघि बढेको छ ।

यी तीन उदाहरण खासगरी उच्च तहका व्यक्तिहरू संलग्न रहेका भ्रष्टाचारसँग जोडिएका छन् । हामी सबैलाई थाहा छ, भ्रष्टाचार समाजको महारोग हो । यसले राजनीतिलाई निकम्मा, समाजलाई विशृङ्खलित, संस्कृतिलाई विकृत र मुलुकको अर्थतन्त्रलाई धराशयी बनाउँछ । नेपालका सन्दर्भमा हरेक वर्ष सार्वजनिक हुने भ्रष्टाचारका सूचकहरू नेपालको हकमा लाजमर्दा छन् र यो सूचकमा सुधार हुनुको साटो नीतिगत तहदेखि तल्लो स्तरसम्म व्याप्त हुँदै र अझ झाँगिदै गएको छ । सरकारले माथिल्लो तहदेखि तल्लो स्तरसम्म निर्मम ढङ्गबाट भ्रष्टाचार नियन्त्रणका लागि विशेष पहल गर्नुपर्ने आवश्यकता छ ।

सरकारले यसबाहेक जनतालाई प्रत्यक्ष असर पारिरहेका केही विषयलाई सम्बोधन गरेको छ । खासगरी पासपोर्टको आवेदन दिन धाउनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य भएको छ । सरकारले नागरिकता वितरण, सवारी चालक अनुमतिपत्र, सवारी दर्ता र नामसारी, नवीकरण, राजस्व भुक्तानी, जग्गा धनीपुर्जा वितरण, अस्पतालहरूमा टोकन प्रणालीसमेतका कैयौँ सरकारी सेवामा विद्युतीय प्रणालीलाई सशक्त बनाएको छ । आम कृषकले कृषि मलखाद सहज रूपमा प्राप्त गरेका छन् भने विद्यालय तहको पाठ्यपुस्तक समयमै उपलब्ध हुन थालेको छ । राजधानी काठमाडौँमा सात-आठ महिना अघिसम्मको फोहोर व्यवस्थापनको समस्या अहिले देखिन छाडेको छ जसमा केन्द्र सरकार र प्रदेश एवं स्थानीय निकायहरूको समन्वयले काम गरेको अनुभव गर्न सकिन्छ । सरकारले उपलब्ध गराउने सेवालाई विद्युतीय माध्यमबाट जतिसक्दो सहज र सरल ढङ्गबाट उपलब्ध गराउने नीति सरकारले अघि सारेको पाइन्छ । यो नीतिगत व्यवस्थाको सिको गर्दै प्रदेश र स्थानीय तहले पनि अनुकरणीय सेवाप्रवाह गरिरहेका छन् ।

*बाँकी तीन पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असहय पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

रुपनी गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी

# संविधान र सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण उपलब्धि

**धर्मेन्द्र झा**

काठमाडौँ, १० पुस (रासस)।

पुष्पकमल दाहाल 'प्रचण्ड'ले ठीक एक वर्ष पहिले देशको प्रमुख कार्यकारीका रूपमा सरकारको नेतृत्व प्रारम्भ गर्दैगर्दाको अवस्था आजको भन्दा नितान्त पृथक थियो ।

फरक गठबन्धन, फरक सङ्गत र फरक मान्यताका आधारमा 'प्रचण्ड' सरकार गठन भएको थियो । समय घर्किदै जाँदा 'प्रचण्ड' नेतृत्वको सरकारको गठबन्धन, स्वरुप र मान्यतामा परिवर्तन आएको थियो । देशको राजनीतिले फरक दिशा ग्रहण गरेको अनुभव सबैको थियो । वामपन्थको रस्साकस्सीको तनावको बीचबाट वामपन्थी (माओवादी) र लोकतन्त्रवादी दुवैले देश र समाजका लागि आफूहरूको मिलन आवश्यक भएको ठम्याइका आधारमा अस्तित्वमा आएको वर्तमान सरकारका चुनौती पनि सोहीअनुकूल रहेको कुरामा द्विविधा हुन सक्दैन । राष्ट्रभित्रका अनेकथरि उल्झन र अन्तर्राष्ट्रिय बल्झोका बीच सरकारले आजसम्मको यात्रा निष्कङ्टक तय गर्न सक्नु स्वयंमा सरकारको महत्वपूर्ण सफलता हो । होइन भने, कतिपयले त प्रारम्भका दिनमै सरकारको आयु निर्धारण गरेर तिथिमितिसमेत तोकेको तथ्य अझै पनि धेरैको स्मृतिमा होला नै ।

यो सरकार अस्तित्वमा आउँदा सरकारका अनेकथरि प्राथमिकता घोषित थिए । गठबन्धनको सरकार भएको हुँदा सबैथरि घटकको प्राथमिकतालाई समेटेर उचित प्राथमिकता निर्धारण गर्नु र सोहीअनुकूल कार्यान्वयनको प्रक्रिया अगाडि बढाउनु अत्यन्त जोखिमको विषय भए पनि प्रचण्ड नेतृत्वको सरकारले त्यसमा सफलता पाएको छ । यो सरकारका सन्दर्भमा यो अर्को महत्वपूर्ण कुरा हो भन्दा अस्वभाविक हुँदैन । हो, सरकार गठन हुँदाको ताका अनेक प्राथमिकता निर्धारण गरिएका थिए । अनेक आवश्यकता महत्वपूर्ण थिए । सरकारमा सामेल घटकका आ-आफ्ना तर्क र रुचि थिए । यस्तोमा यस एक वर्षको अवधिमा सरकारले आफ्नो प्राथमिकताको सूचीमा परेका सबै कार्यमा शतप्रतिशत नै सफलता प्राप्त गऱ्यास्यो भनेर भनिहाल्ने अवस्था नहुन सक्छ (यसको मूल्याङ्कन फरक ढङ्गले गर्न सकिएला) तर सरकारले चालेका कदमको इमान्दारीमा भने शङ्का गरिहाल्ने अवस्थाको छैन । सरकारले थालेका कार्यको सूची र त्यसको प्रगतिको विश्लेषण गर्ने हो भने सन्तोष नै मान्न सकिन्छ । रह्यो, शतप्रतिशत सफलताको कुरा, अपवादको स्थिति त जहाँ पनि रहन्छ ।

वैचारिकरूपमा विश्लेषण गर्ने हो भने समाजवादोन्मुख अवस्थाका लागि आवश्यक वातावरण निर्माण गर्ने दृढ अडानका साथ सत्ताको नेतृत्व गर्नु हुने माओवादी अध्यक्ष 'प्रचण्ड'को नियतमाथि उहाँको यस कार्यकालमा प्रश्नै उठाइहाल्नुपर्ने अवस्थाको निर्माण भने भएको छैन । तर राजनीतिमा 'कम्प्रोमाइज'को ठूलो अर्थ र महत्व हुन्छ । प्रचण्ड नेतृत्वको वर्तमान सरकारको सन्दर्भमा कुनै विश्लेषकले यसै आधारमा बुझ्ने प्रयत्न गरेका छन् भने त्यसलाई अपवाद मानेर सरकारले अगाडिको यात्रा तय गर्ने रणनीति बनाउनु उचित हुन्छ ।

वर्तमान सरकारको नेतृत्वकर्ता प्रचण्डलगायत अन्य घटकले संविधानको कार्यान्वयन, सङ्घीयता, समावेशीपन, जनअधिकारको सुनिश्चिततालाई आफूहरूको राजनीतिको मुख्य लक्ष्य मान्दै आएको कसैबाट लुकेको छैन र यो सरकारले यिनै विषयलाई उच्च प्राथमिकतामा राखेको कुरा स्पष्ट छ । वास्तवमा यो गठबन्धनको निर्माण पनि यही जगमा अडिएको छ । त्यसो त सरकारले प्रत्यक्षतः सुशासन, समृद्धि र सामाजिक न्यायलाई बढी महत्व दिएको जस्तो देखिएको छ । हुन पनि सरकारका कार्यक्रम यिनैप्रति केन्द्रित र लक्षित छन् । तर उपर्युक्त विषयलाई प्रचलनमा ल्याउने मूल आधार भने संविधान, सङ्घीयता र समावेशी नीतिको कार्यान्वयनलाई नै मानिएको छ भन्दा असङ्गत हुँदैन । माथिको विश्लेषणको आधारमा भन्न सकिन्छ, यस अवधिमा सरकारले संविधानको कार्यान्वयन तथा समावेशी-सङ्घीयताको सुनिश्चितताका दिशामा महत्वपूर्ण उपलब्धि प्राप्त गरेको छ ।

केन्द्रीकृत राज्यको शक्ति र जिम्मेवारीलाई प्रदेश वा स्थानीयस्तरमा बाँड्ने पद्धति, अथवा राज्यसत्ताका हक र दायित्वहरू केन्द्रमा नथुपारी सङ्घ र एकाइमा बाँड्नु सङ्घीयताको मूल सिद्धान्त हो । यस अर्थमा सङ्घीय व्यवस्थामा अनेक तहका स्वायत्त सरकार हुन्छन् । वास्तवमा सङ्घीय शासन व्यवस्थालाई पिरामिड शैलीमा रहेको शासन व्यवस्था भनेर बुझ्न सकिन्छ । यसको आधार सबभन्दा तल हुन्छ । जहाँ जनता हुन्छन् र क्रमशः माथितिर निर्वाचित जनप्रतिनिधि हुन्छन् जसले शासकीय संरचनालाई नेतृत्व दिन्छन् ।

नेपालको सङ्घीयता पनि यही अवधारणामा आधारित छ । जनता रहेका तहमा स्थानीय सरकारहरू छन् भने तिनलाई समन्वय गर्ने भूमिकामा प्रदेश सरकारको परिकल्पना गरिएको छ । सङ्घीय सरकारले प्रदेश र स्थानीय तहको समन्वय र आवश्यक सहजीकरणको कार्य गर्दछ । नेपालको सङ्घीयता 'होल्डिङ टुगेदर' अर्थात् एकअर्काबीचको सहकार्य प्रकृतिको हो । देशलाई एक सूत्रमा बाँधी राख्न र सबै जनतामा स्वामित्व ग्रहणको भावना विकसित गर्न सङ्घीय सरकारको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । पछिल्ला दिनमा सामाजिक न्यायको सुनिश्चितता र सङ्घीयताको कार्यान्वयनका दृष्टिले सरकारले जे जति काम गर्न सकेको छ त्यसले आमजनतामा देशप्रतिको स्वामित्व ग्रहणको भावमा वृद्धि गरेको मान्न सकिन्छ । सङ्घीयतालाई शासकीय क्रियाकलापमा जनतालाई प्रत्यक्ष सहभागी गराउने प्रक्रियाका रूपमा पनि परिभाषित गर्न सकिन्छ । वास्तवमा बहुजातीय, बहुभाषिक र बहुधार्मिक समाजको हक, हित र अधिकारको संरक्षण र सीमान्तकृत समूहलाई सशक्तीकरण गर्ने शासन प्रणाली नै सङ्घीयता हो । यस दिशामा पनि सरकारबाट केही ठोस कार्य भएका छन् ।

विद्वान् जोहान्स अल्थुसिर्यसले सन् १६०३ मा आफ्नो सहर इमडेनलाई स्वतन्त्र राख्न, जनताले आफ्नो आवश्यकता पहिचान गरी समाधान गर्न, आरामदायी जीवनयापन गर्न, आफ्ना साधन स्रोतको स्वतन्त्र रूपले परिचालन गर्न पाउनुपर्छ भन्ने अवधारणा ल्याएका थिए । कालान्तरमा यही अवधारणाबाट सङ्घीय शासन प्रणालीको बहस सुरु भएको मानिन्छ । हाल संसारका विभिन्न देशमा विभिन्न प्रकारका शासन व्यवस्था अस्तित्वमा छन् । सत्ताइस वटा देशमा भने सङ्घीय व्यवस्था कार्यान्वयनमा रहेको दाबी गरिन्छ । विश्वमा आर्थिक रूपले समृद्ध मानिने र भूगोलका दृष्टिले पनि निकै ठूलो मानिने देशहरूमा पनि एकात्मक शासन प्रणाली छ । युगान्डा र क्यामरुन सङ्घीयताबाट एकात्मक शासनतर्फ फर्केका छन् । यो तथ्यले सङ्घीयताका लागि भूगोल अथवा आर्थिक समृद्धि मानक हुँदो रहेनछ भन्ने स्पष्ट हुन्छ ।

सङ्घीयताका लागि सम्बन्धित देशको तत्कालीन आवश्यकता नै महत्वपूर्ण कुरा हुने रहेछ भन्न सकिन्छ । नेपालका सन्दर्भमा भन्ने हो भने सङ्घीयताका बारेमा जनतामा मिश्रित भाव छन् । तर यथार्थ के हो भने केन्द्रमा थुपारिएको अधिकारको निक्षेपणका सन्दर्भमा योभन्दा उपयुक्त शासन प्रणाली अर्को हुन सक्दैन । खासमा सङ्घीयता विकेन्द्रीकरणको उत्कृष्ट 'मोडेल' हो । यो सरकारका घटकले यस तथ्यलाई स्वीकार गरेका छन् । पछिल्लो एक वर्षमा विभिन्न कोणबाट सङ्घीयतालाई सुदृढ र संस्थागत गर्ने दिशामा सरकारबाट महत्वपूर्ण काम भएका छन् । नेपाली सङ्घीयताले विभिन्न तह (सङ्घ, प्रदेश र स्थानीय)का सरकारबीच सहकार्य, समन्वय र सहअस्तित्वको अवधारणामा जोड दिएको छ ।

निश्चय पनि यो सिद्धान्तमात्र होइन व्यवहार पनि हो र यसको कार्यान्वयनमा सर्वाधिक महत्वपूर्ण भूमिका सङ्घीय सरकारको हुन्छ । सरकारले सहजीकरणको भूमिका निवाह गरिदिनुपर्छ । कुनै दुई मत हुन सक्दैन, हिजोका दिनमा सङ्घीयता कार्यान्वयनका सन्दर्भमा सङ्घीय सरकारका जिम्मेवारबाट उचित र इमान्दार भूमिका निर्वाह हुन सकेन र सङ्घीयताका सम्बन्धमा केही प्रश्नहरू ठडिने अवस्थाको सिर्जना भयो । भन्न कुनै सङ्कोच मान्नु जरुरी छैन, पछिल्ला दिनमा निश्चय पनि यस अवस्थामा सुधार आएको छ र यस एक वर्षको अवधिमा सङ्घीयता कार्यान्वयनको गतिले तीव्रता प्राप्त गरेको छ । सङ्घीयता कार्यान्वयनका लागि सबैभन्दा महत्वपूर्ण छ संविधानको उचित कार्यान्वयन । यस सरकारले संविधान कार्यान्वयनलाई प्राथमिकतामा राखेको कुरा कसैबाट लुकेको छैन ।

सरकारले यस अवधिमा सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को कार्यान्वयनमा जोड दिएको छ । ऐनले समन्वय प्रयोजनका लागि राष्ट्रिय समन्वय परिषद्, प्रदेशमा प्रदेश समन्वय परिषद्को व्यवस्था गरेको भए पनि त्यसको कार्यान्वयन हुन सकेको थिएन । प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुनुपर्ने राष्ट्रिय समन्वय परिषद्को गठनले पूर्णता प्राप्त गर्न सकेको थिएन । प्रचण्ड नेतृत्वको सरकारले राष्ट्रिय समन्वय परिषद्लाई पूर्णता मात्रै प्रदान गरेन, बरु परिषद्को बैठकको आयोजना पनि गऱ्यो । बैठकले तीनै तहका सरकारका बीचमा अधिकारको बाँडफाँटका सम्बन्धमा रहेका अन्योल र अस्पष्टता हटाउने प्रयास गरेको छ ।

सङ्घीयता कार्यान्वयनका दृष्टिले यसलाई निकै महत्वपूर्ण मानिनुपर्छ । विगतमा यो कार्य हुन सकेको भए शायद सङ्घीयता कार्यान्वयनले अझै गति लिइसक्ने कुरामा विवाद हुन सक्दैन । यस्तै सरकारको सक्रियतामा अन्तरप्रदेश परिषद् बैठकको पनि आयोजना भएको छ र सङ्घीयता कार्यान्वयनका दिशामा आवश्यक खाका कोर्ने कार्य हुँदैछ । यसैगरी सरकारले संविधान र सङ्घीयता कार्यान्वयनलाई गति प्रदान गर्न अनेक कानुनको निर्माणमा पनि जोड दिएको छ । यस अवधिमा १७ वटा विधेयक संसद्मा दर्ता भएका छन् भने केही विधेयक संसद्मा दर्ता हुने अवस्थामा छन् । यस आधारमा भन्न सकिन्छ, वर्तमान सरकारले संविधान र सङ्घीयता कार्यान्वयनको मुद्दालाई उच्च प्राथमिकतामा राखेर महत्वपूर्ण कार्य गरिरहेको छ । यी कार्यमध्ये केहीले अहिले नै प्रभाव देखाउन थालेका छन् भने केहीको प्रभाव निश्चय पनि भविष्यमा बोध गरिनेछ । राष्ट्रका लागि सङ्घीयता बोझ होइन, अवसर हो भन्ने प्रमाणित गर्ने गरी काम गर्नु नै अहिलेको राष्ट्रिय एजेन्डा हो ।

### *देशभित्र सम्भावनाको ...*

सुशासन कायम गर्ने सन्दर्भमा देखिएका बाधा अड्चन पहिल्याएर तदनुरुपको व्यवस्था गर्न सरकार र यसका अवयवले अब ढिला गर्नु हुँदैन । देशभित्र अहिले अनुकूल वातावरण निर्माण गरेर उत्तर र दक्षिणका विशाल छिमेकी मुलुकहरू भारत र चीनले गरेको आर्थिक उन्नतिको लाभ नेपालजस्ता मुलुकले लिनुपर्ने अवस्थामा हामी भने अनावश्यक बहसमा अल्झिइरहे राष्ट्रको समुन्नतिका लागि त्यो प्रत्युत्पादक हुनेछ । नेपालले अल्पविकसित देशबाट आफूलाई विकासशील मुलुकमा स्तरोन्नति गरेर देशभित्रै सम्भावनाहरूको ढोका खोल्नुपर्ने छ जसबाट बढ्दो युवा पलायनलाई रोक्न सकियोस् । (लामिछाने राससका समाचार महाशाखा प्रमुख हुनुहुन्छ)

## विश्व समाचार

### पञ्जाबले सन् २०२३ मा १०० पाकिस्तानी ड्रोन खसाल्यो

पञ्जाब, १० पुस (रासस/एएनआई)।

सीमा सुरक्षा बलले यस बर्ष लागुऔषध, हतियार र गोलाबारुद भारतीय भूमिमा तस्करी गर्न प्रयोग भएका १०० वटा पाकिस्तानी ड्रोनहरू खसालेको जनाएको छ । बीएसएफले भारतीय भूभागमा लागुऔषध र अन्य अवैध पदार्थको ढुवानीलाई रोक्नका लागि तीन-पक्षीय रणनीति' बनाएको बताएको छ ।

सेनाहरूले ड्रोनमार्फत लागुऔषधको तस्करी गरिरहेका तस्करहरूलाई पक्रेका छन् । हमा पोष्टका अनुसार सन् २०२३ मा, बीएसएफ पञ्जाबले भारतमा लागुऔषध तथा गोलालाबारुद तस्कर सहित एक सय वटा पाकिस्तानी ड्रोनहरू सफलतापूर्वक नष्ट गरेको छ । ड्रोन, लागुपदार्थ तथा हतियारलगायत, बीएसएफले तस्करहरूलाई पनि सफलतापूर्वक पक्राउ गरेको आफ्नो पोस्टमा उल्लेख गरेको छ । "बीएसएफले लागुऔषध आपूर्तिमा कटौती गर्न तथा लागुऔषध दुरुपयोग विरुद्ध सचेतना बढाइ युवाहरूलाई सशक्त बनाउन तीन-पक्षीय रणनीति लागू गरेको छ ।

यसैबीच, बीएसएफले सोमबार अमृतसरमा ड्रोनमार्फत तस्करीको प्रयासलाई विफल पार्दै चार सय ३४ ग्राम हेरोइन बरामद गरेको जानकारी दिएको छ । अधिकारीहरूका अनुसार पाकिस्तानी ड्रोनले भारतीय हवाई क्षेत्रको उल्लङ्घन गरेपछि बीएसएफका जवानहरूले खोजी अभियान शुरु गरेका थिए ।

### श्रीलङ्काले विदेशमा रहेका ३० जना अपराधीलाई पक्राउ गरी स्वदेश फिर्ता गर्ने

कोलम्बो, १० पुस (रासस-सिन्ह्वा)।

श्रीलङ्काले विदेशमा कार्यरत ३० श्रीलङ्काली अपराधीलाई पक्राउ गरी स्वदेश फिर्ता गर्ने भएको छ । श्रीलङ्काका सार्वजनिक सुरक्षा मन्त्री तिरन एलेसले मङ्गलबार देशले बाहिरबाट ३० जना श्रीलङ्काली आपराधिक व्यक्तिहरूलाई गिरफ्तार गरी स्वदेश फिर्ता गर्न अभियान शुरु गरेको बताउनु भएको छ । यी अपराधीमध्ये २९ जना दुबई, संयुक्त अरब इमिरेट्स (युएई) र एक जना फ्रान्समा रहेको मन्त्रीले पत्रकारहरूलाई जनाकारी गराउनु भएको छ ।

श्रीलङ्का सरकारले यी अपराधीहरूलाई पक्राउ गर्न 'रेड नोटिस' प्राप्त गरेको र हाल युएई र फ्रान्ससँग छलफल गरिरहेको उहाँले बताउनु भएको छ । मन्त्रीका अनुसार अपराधीहरूले विगत केही दशकअघि श्रीलङ्का छोडेका थिए । श्रीलङ्बामा रहँदा पनि उनीहरू सङ्गठित अपराधमा संलग्न रहेको अनुसन्धानले देखाएको छ ।

### युक्रेनद्वारा क्रिमियामा रुसी जहाज ध्वस्त

कीभ, १० पुस (रासस-एएफपी)।

युक्रेनको वायुसेनाले मङ्गलबार उसले क्रिमिया प्रायद्वीपमा ड्रोन बोकेको आशङ्कामा मस्कोको कीभविरुद्धको युद्धमा प्रयोग गरिएको रुसी जहाजलाई ध्वस्त पारेको बताएको छ । वायुसेनाको रणनीतिक उड्डयनले फिओडोसिया क्षेत्रमा रूसी संघको ब्ल्याक सी फ्लीटको नोभोचेर्कस्क जहाजलाई क्रुज मिसाइलले आक्रमण गरेको युक्रेनले दाबी गरेको छ । फिओडोसिया रूसी नौसेनाको कब्जा गरिएको क्रिमियन प्रायद्वीपस्थित आधासर शिविर हो । स्रोतले बताए अनुसार सो विमान रुसले युक्रेनका विरुद्ध नियमित रूपमा प्रयोग गर्ने इरानी विस्फोटक ड्रोनसँग सम्बद्ध रहेको आशङ्का गरिएको छ । वायुसेना कमान्डेन्ट माइकोला ओलेचचौकले फिओडोसियामा रहेको रुसी नौसैनिक आधारमा भएको ज्वलन्त विस्फोटको भिडियो पोस्ट गर्नुभएको छ ।

### नाइजेरियामा आक्रमण हुँदा १ सय ६० जनाको मृत्यु

अबुजा, १० पुस (रासस/सिन्ह्वा)।

मध्य नाइजेरियाका गाँउमा भएको शृङ्खलाबद्ध आक्रमणमा कम्तीमा १६० जनाको मृत्यु भएको स्थानीय अधिकारीहरुले सोमबार बताएका छन् । बोक्कोस स्थित स्थानीय सरकारी क्षेत्रको गाउँ मुसुमा गोठाला र किसानबीच भएको झडपमा १६ जनाको मृत्यु भएको छ । बोक्कोस, पठार राज्यको स्थानीय सरकारका अनुसार कम्तीमा ११३ जनाको मृत्यु भएको पुष्टि भएको छ ।

झडपमा घाइते भएका ३०० भन्दा बढी व्यक्तिलाई बोक्कोस, जोसलगायतका अस्पतालमा सारिएको छ । स्थानीय रेडक्रसको अस्थायी टोलीले बोक्कोस क्षेत्रका १८ गाउँमा १०४ जनाको मृत्यु भएको उल्लेख गरेको छ । संसद्का सदस्य डिक्सन चोलोमका अनुसार बार्किन लाडी क्षेत्रका थुप्रै गाउँहरूमा कम्तीमा ५० जनाको मृत्यु भएको छ ।

यो घटना पठारमा गत मे महिना यताकै सबैभन्दा हिंस्रक घटना हो । सो घटनामा किसान र गोठाला बीचको झडपमा सय भन्दा बढीको मृत्यु भएको थियो । नियमित रूपमा हुँदै आएका सशस्त्र आक्रमणले नाइजेरियाको उत्तरी र मध्य क्षेत्रमा गम्भीर सुरक्षा खतरा बढेको छ ।

# अब सरकारको कार्यशैली बदलिन्छ : प्रधानमन्त्री

काठमाडौं, १० पुस (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले अब सरकारको कार्यशैली बदलिने बताउनुभएको छ।

वर्तमान सरकारले एक वर्ष पूरा गरेको अवसरमा मंगलबार देशवासीका नाममा सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री दाहालले कार्यतालिका र समयतालिका नै बनाएर सबै सरोकारवालालाई एक ठाउँमा राखेर समग्र पूर्वाधार विकासका कानुनी, नीतिगत र प्रक्रियागत जटिलता दीर्घकालीनरुपमा हल गरिने बताउनुभयो। यसै साता आफूले प्रधानमन्त्री कार्यालयको संरचनात्मक ढाँचा परिवर्तन गर्ने तथा सिङ्गो राज्यका लागि त्यो एउटा संकेत र सन्देश हुने उहाँले स्पष्ट पार्नुभयो।

“सरकार असफल त भएन, तर मेरो हुटहुटीअनुसारको परिणाम पनि आएन। म बनिसकेका पूर्वाधारको जस खोसाखोस गर्न छाडेर सम्पन्न हुन बाँकी पूर्वाधार कसरी सम्पन्न गर्ने भन्ने चिन्तामा छु। देश कति बन्यो भन्ने होइन, कति बन्न सक्यो भन्ने आत्मसमीक्षामा छु। यही चिन्ता र आत्मसमीक्षाका साथ म सार्वजनिक घोषणा गर्दछु, अब सरकारको कार्यशैली बदलिनेछ”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “केही पूर्व निर्धारित र अपरिहार्य बाहेक म बाहिरका कुनै पनि कार्यक्रममा नगई नयाँ नीति तथा कार्यक्रम र बजेटको तयारी एवं विकास र सुशासनमा रहेका समस्या समाधान गर्न लाग्ने निष्कर्षमा पुगेको छु। सरकारको कार्यशैली बदल्न यो एउटा प्रस्थान विन्दु हुनेछ।”

पूर्वाधार विकासमा जताततै समस्या देखिएको सन्दर्भमा प्रधानमन्त्री दाहालले भन्नुभयो, “आयोजनाअन्तर्गत रुख कटानीको प्रक्रिया अत्यन्त जटिल छ। वनको भोगाधिकार र जग्गा प्राप्तिमा त्यस्तै जटिलता छन्। नागरिकको जग्गा प्राप्तिमा पनि थुप्रै समस्या छन्। अब म एक एक वटा कामलाई बेग्लाबेग्लै डालोमा राख्ने अनि समस्याको जरो छाडेर हाँगा छिमोल्ने गल्ती गर्दिन, बरु खोज्छु। एकले अर्कोलाई देखाएर देशको विकास अवरुद्ध गर्ने प्रवृत्ति अन्त्य गर्छु। पूर्वाधार विकासलाई आवश्यक परे सङ्कटकाल नै घोषणा गरेर भए पनि उच्च प्राथमिकता दिनुपर्छ भन्ने मेरो विश्वास छ।”

# इन्टरपोलबाट रेड नोटिस जारी भएका अभियुक्तलाई नेपाल ल्याइयो

काठमाडौं, १० पुस (रासस)।

ठगी तथा सङ्गठित अपराध मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका धनुषा औरही गाउँपालिका-५ का ४४ वर्षीय रजिन्द्र पासमानलाई कतारबाट पक्राउ गरी नेपाल ल्याइएको छ।

इन्टरपोल कतारको समन्वयमा पक्राउ परेका उनलाई कारबाहीका लागि सोमबार नेपाल ल्याइएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले राससलाई जानकारी दिनुभयो। पासमानलगायत अन्य व्यक्तिहरूले पीडितको माछापुच्छ्रे बैंकको खातामा रहेको रु नौ लाख अनधिकृत रूपमा ट्रान्सफर गरी उक्त रकम विभिन्न बैंकहरूको एटिएम कार्डबाट निकालेर प्रयोग गरेका थिए। अनुसन्धानको क्रममा उनी वैदेशिक रोजगारीको सिलसिलामा कतारमा रहेको जानकारी भएको थियो। अन्तर्राष्ट्रियस्तरमा खोजतलासका लागि इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२३ डिसेम्बर ७ मा उनीविरुद्ध रेड नोटिस जारी गरेको थियो।

यसअघि गत साता इन्टरपोलबाट रेड नोटिस जारी गरिएका चार जनालाई पक्राउ गरी नेपाल ल्याइएको थियो।

### *सप्तकोशीमा श्रीलङ्का...*

अध्ययन र निरीक्षण भएको थियो।

बराहक्षेत्र-६ र ९ तथा उदयपुरको बेलका नगरपालिका-२ र ३ वडा श्रीलङ्का टापु क्षेत्रमा पर्दछ। उक्त क्षेत्र १४ किलोमिटर लम्बाइ र पाँच किलोमिटर चौडाइसम्म फैलिएको छ। श्रीलङ्का टापुमा चार हजार पाँच सय घर धुरीका १० हजारबढीको बसोबास रहेको बराहक्षेत्र-६ का वडाध्यक्ष उद्वयप्रसाद पोखरेलले बताउनुभयो। उहाँले पुल बनेपछि श्रीलङ्का टापुवासीको दैनिकी सहज हुने विश्वास व्यक्त गर्नुभयो।

श्रीलङ्का टापु क्षेत्र उर्वर बलौटे, दोमट माटो भएकाले तरकारी र अन्न उत्पादनका लागि राम्रो मानिँदै आएको छ। झोलुङ्गे पुल बनेपछि टापुवासीले उत्पादन गरेका कृषि उत्पादन बजार लान सहज हुने र उनीहरूको जीवनयापनमा सहजता आउने वडाध्यक्ष पोखरेलले बताउनुभयो। उहाँले भन्नुभयो, “यहाँ पुल बनेपछि टापुवासीको जीवनका साथै सिङ्गो बराहक्षेत्रको पर्यटन प्रवर्द्धनमा पनि वृद्धि हुने विश्वास छ।”

जिल्ला सदरमुकाम इनरुवाबाट भण्डै ३५ किलोमिटर उत्तर पश्चिममा पर्ने टापुमा वर्षौंदेखि कृषि र पशुपालन गरेर टप्पुवासीले जीविका चलाउँदै आएका छन्। चारैतिर नदी भएकाले टापुवासी यातायातको साधनका रूपमा डुङ्गाको प्रयोग गर्दै आइरहेका छन्। वर्षायाममा सप्तकोशीमा पानीको बहाब बढ्ने भएकाले डुङ्गाबाट यात्रा गर्दा बर्सेनि कयौँको ज्यान जाने गरेको स्थानीयवासी सन्तोष चन्द्रवंशीले बताउनुभयो। श्रीलङ्का टापुलाई जोड्ने झोलुङ्गे पुलको निर्माण हुने भएपछि आवागमनमा सहजता हुने उहाँको भनाइ थियो।

### *विद्यालयमा ज्येष्ठ ...*

सोही आधारमा शिक्षा मन्त्रालयले सम्पूर्ण विद्यालयमा सामाजिक अध्ययन विषयको एक पिरियडमा ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गर्न आदेश जारी गरेको हो।


पुस ११ गते देशभर राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइँदैछ। सोही अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ मन्त्रालयले विभिन्न कार्यक्रमहरू आयोजना गर्दैछ। बालबालिकाहरूमा ज्येष्ठ नागरिकका बारेमा जानकारी गराउने उद्देश्यले अध्यापन गराइदिन अनुरोध गर्दै शिक्षा मन्त्रालयलाई पत्र पठाएको थियो।

मन्त्रालयको अनुरोधमा केन्द्रलाई त्यसको व्यवस्था मिलाउन भनिएको शिक्षा मन्त्रालयकी शाखा अधिकृत उषा लामिछाने जानकारी दिइन्।


सूचना ! सूचना !! सूचना !!!

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भूतपूर्व प्रमुखहरुद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको व्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौं। तसर्थ कानका रोगीहरुले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ।





**शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी**

दर्ताको लागि सम्पर्क स्थान :
प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी
मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)
सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784
प्राथमिक कान उपचार केन्द्र, माईघाट, उदयपुर
सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal
Committed to the Prevention of Disability
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज-९ मलेठ, सप्तरी


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनत: विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्वाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्नवा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालबिवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालबिवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालबिवाह नगरौं नगराऔं। बालबिवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**
**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*